# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ६३५/०७२/७३**

**निर्णय नं. ३५**

जिल्ला बारा, स्थायी घर क.न.पा. ७ बस्ने इन्द्रदेव प्रसाद यादव ..............................१ } पुनरावेदक

**विरूद्ध**

श्री प्राधानाध्यापक, श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बारा ..............................१ } विपक्षी
श्री सूचना अधिकारी, श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बारा ..............................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनु ।**

जिल्ला बारा, स्थायी घर क.न.पा. ७ बस्ने इन्द्रदेव प्रसाद यादवले श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बारा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०१।०९ मा पुनरावेदन गरेको । प्रस्तुत सम्वन्धमा राष्ट्रिय सूचना आयोगबाट मिति २०७३।०१।२२ मा माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी विपक्षी श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बाराको नाममा आदेश जारी भएको । उक्त आदेश कार्यान्वयनको सम्बन्धमा च. नं. १२९१ मिति २०७३।०१।२९ को पत्र लेखी गएको । तत् पश्चात पुनरावेदकले मिति २०७३।०३।०१ मा आयोगको आदेश बमोजिम सूचना उपलब्ध नगराउने श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बाराका प्रधानाध्यापक र सूचना अधिकारीलाई दफा ३२ बमोजिम कारबाही गरी माग बमोजिमको सूचना उपलब्ध गराई पाउँ भनी पुन: उजुरी गरेको । उक्त उजुरी प्राप्त भए पछि आयोगबाट श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बाराका प्रधानाध्यापक र सूचना अधिकारीका नाममा च. नं. १४५६ मिति २०७३।०३।१३ को पत्रबाट आदेश कार्यान्वयनको ताकेता पत्र लेखी गएको । आयोगबाट प्रेषित मिति २०७३।०३।१३ को ताकेता पश्चात पनि श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बाराले माग बमोजिमको सूचना उपलब्ध नगराएकोले दफा ३२ बमोजिम कारबाही गरी माग बमोजिम सूचना उपलब्ध गराई पाउँ भनी मिति २०७३।०४।१६ मा पुन: उजुरी गरेको । पुनरावेदकको उक्त उजुरी प्राप्त भए पछि श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बारालाई मिति २०७३।०१।२२ को आयोगको आदेश कार्यान्वयन नहुनुको कारण सहित ७ दिन भित्र यस आयोगमा जानकारी गराउन पुन: मिति २०७३।०४।२१ मा पुन:

आदेश जारी भएको । उक्त आदेश कार्यान्वयनको सम्वन्धमा च. नं. २४० मिति २०७३।०४।२८ को पत्र लेखी गएको देखिन्छ ।

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बाराले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिंदैन । साथै यस आयोगको आदेश जारी भएको लामो समयसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले प्रक्रिया अघि किन नबढाउने ? यसरी यति लामो अबधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण यस आयोगमा पठाउन र यस आयोगको मिति २०७३।०१।२२ को आदेश अनुसार ३ (तीन) दिन भित्र सूचना उपलब्ध गराउनू भनी श्री पन्नादेवी कन्या उ.मा.वि., कलैया, बाराका प्रधानाध्यापक र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल असोज ७ गते रोज ६ शुभम् ।